# श्री
# सर्लाही जिल्ला अदालत

**सूचना! सूचना!! सूचना!!!**

नयाँ भेरिएन्ट सहितको कोरोना भाइरस-१९ को संक्रमण बढ्दै गईरहेको सन्दर्भमा यस सर्लाही जिल्ला अदालतमा कार्यरत सबै न्यायाधीश र कर्मचारीहरूको Antigent Test को विधिबाट परीक्षण गर्दा एक जना न्यायाधीश र आठ जना कर्मचारीहरूमा Corona Positive देखिएकोले पहिलो पटक मिति २०७८।१।१९ देखि मिति २०७८।१।२४ सम्म, दोस्रो पटक मिति २०७८।१।२७ देखि मिति २०७८।१।३१ सम्मको अवधिमा यस अदालतबाट प्रदान गरिदै आएका सेवाहरू संकुचन गर्ने निर्णय गरिएको थियो। Isolation मा रहनु भएको न्यायाधीशको परीक्षण गर्दा अझै Corona Positive देखई Isolation अवधि थप भएको साथै Corona Positive देखिएका कर्मचारीहरू पूर्ण स्वास्थ्य नभएका र थप कर्मचारीहरूमा उच्च ज्वरो सहितको कोरोना संक्रमणको लक्षणहरू देखिएको, मिति २०७८।१।३१ को राति १२:०० बजेदेखि मिति २०७८।२।१० को राति १२:०० बजेसम्म सर्लाही जिल्ला भर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय मलंगवा सर्लाहीले निषेधाज्ञा जारी गरेको अवस्था हुँदा, तत्काल यस अदालतको सम्पूर्ण काम कार्यवाहीहरू सुचारू गर्न स्वास्थ्य सुरक्षाका दृष्टिकोणबाट जोखिम रहि रहेको हुँदा मिति २०७८।२।२ देखि सर्लाही जिल्लामा निषेधाज्ञा जारी रहेको अवधि २०७८।२।१० सम्म तथा निषेधज्ञा थप भएमा थप भएको अवधिसम्म देहायको काम कार्यवाही वाहेक यस अदालतबाट सञ्चालन भई आएका अन्य काम कार्यवाहीहरू स्थगन गर्ने गरी यस अदालतका माननीय न्यायाधीश श्री दुर्गाप्रसाद ढुङ्गेलको अध्यक्षतामा आज मिति २०७८।२।२ मा बसेको यस अदालतको पूर्ण बैठकको निर्णयअनुसार सूचना प्रकाशित गरिएको छ।

<u>देहाय</u>

१. म्याद थप, पक्राउ अनुमति, कल डिटेलको अनुमति दिने नदिने सम्बन्धी कारवाही र जरूरी पक्राउ पूर्जिको समर्थन सम्बन्धी कार्य (भर्चुअल माध्यमबाट पनि गर्न सकिने) गर्ने।

२. अभियोगपत्र साथ पेश गरिने प्रतिवादीको अनिवार्य रूपमा कोरोना परीक्षण गरी कोरोना निगेटिभ भएको रिपोर्ट साथ अदालतमा अभियोगपत्र पेश भएमा दर्ता गर्ने, अभियोगपत्र साथ पेश अभियुक्तको बयान लिने, थुनछेक सम्बन्धी आदेश गर्ने।

३. वन्दी प्रत्यक्षीकरण सम्बन्धी निवेदनको दर्ता र सुनुवाई गर्ने।

४. घरेलु हिंसा सम्बन्धि फिरादपत्र दर्ता र सुनुवाई गर्ने।

५. बालसुधार गृहमा रहेका बालवालिका जिम्मा लिने विषयसँग सम्बन्धित निवेदन दर्ता र सुनुवाई गर्ने

६. कसुर ठहर भई सजाय निर्धारण गर्नुपर्ने मुद्दाको सुनुवाई गर्ने।

७. मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ बमोजिमका निवेदनमा सुनुवाई गर्ने।

८. मुद्दा फिर्ता, मिलापत्र, डिसमिस सम्बन्धी कार्य गर्ने।

९. सेवा प्रवाह स्थगन भएको अवधिमा मुद्दा, रिट तथा निवेदनहरूमा रहेको हदम्याद, म्याद र तारेख गुज्रने छैन।

१०. अदालतको सेवा लिन आउँदा स्वास्थ्य सुरक्षा सर्तकता अपनाउनु पर्ने।

११. यस अदालतमा कार्यरत माननीय न्यायाधीशहरू, अधिकृत एवं कर्मचारीहरूले स्वास्थय सुरक्षाका मापदण्ड अनिवार्य रूपमा पालना गरी सेवा प्रदान गर्नुपर्ने।

१२. बहस पैरवी सम्बन्धी कार्य सूचना प्रविधिको प्रयोग गरी भर्चुअल माध्यमबाट पनि गर्न सकिने।